महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय)

पत्र संख्या:०७५।०७६

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
त्रिवेणी गाँउपालिका,
रोल्पा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट त्रिवेणी गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९६ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख १५ हजार प्रमाण पेश गर्नुपर्ने रु.५ लाख ९६ हजार, पेश्की फछ्र्यौट गर्नुपर्ने रु.७७ लाख ६३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।५।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया एंव प्रमाण प्राप्त नभई कायम भएका व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ९ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

त्रिवेणी गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।०७५

परिचय :स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न त्रिवेणी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यो गाँउपालिकाको उद्देश्य हो । यो गाँउपालिका अर्न्तगत ७ वडा रहेको ३८ सभा सदस्य २००.व.की.मी.क्षेत्रफल २२,७००।०० जनसंख्या ५ प्रदेशमा अवस्थित छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिका नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को सम्रग संचितकोषको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		५१५५३४०.७५	१	चालु खर्च		११४६६४५९०.००
	क) नगद	००.००		२	पूँजीगत खर्च		१२९९५६२९२.००
	ख) बैंक	५१५५३४०.७५		३	वित्तीय व्यवस्था भुक्तानी		००.००
२	राजस्व (आन्तरिक आय)		२८४४२१५.७१		क) ऋण भुक्तानी	००.००	
	क) आन्तरिक राजस्व	२८४४२१५.७१			ख) ब्याज भुक्तानी	००.००	
	ख) राजस्व बाँडफाँड	००.००			ग) अन्य भुक्तानी	००.००	
	ग) अन्य आय	००.००		४	लगानी		००.००
३	वित्तीय हस्तान्तरण		२८९२४५५१० .००		ऋण लगानी	००.००	
	क)वित्तीय समानीकरण अनुदान	१९५५८४००.००			शेयर लगानी	००.००	
	ख) सशर्त अनुदान	९३६६१५१०.००			अन्य लगानी	००.००	
	ग) समपूरक अनुदान	००.००		५	धरौटी फिर्ता		
	घ) विशेष अनुदान	००.००		६	कोष खर्च		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		००.००	७	मौज्दात		५५२६९३३२.४६
	क)वित्तीय समानीकरण अनुदान	००.००			क) गत वर्षको अ.ल्या	५००००.००	
	ख) सशर्त अनुदान	००.००			ख) बैंक मौज्दात	५२५८०१२०.४६	
					धरौटी खाता मौज्दात	२३४२३०.००	
	ग) समपूरक अनुदान	००.००			को ले नि का फिज	२४०४९८२.००	
	घ) विशेष अनुदान	००.००		८	कन्टेन्जेन्सी		२१३१३७०.००
५	अन्तर स्थानीय तहबाट प्राप्त		००.००	९	मर्मत संभार		४९५०००.००
६	वित्तीय व्यवस्था प्राप्ति		००.००	१०	विभिन्न कार्यक्रम		२८४५४२६९.००
	क) ऋण प्राप्ति	००.००					
	ख) साँवा प्राप्ति	००.००					
	ग) ब्याज प्राप्ति	००.००					
	घ) अन्य प्राप्ति	००.००					
६	विभिन्न कोषतर्फको आय		४५७३१७३.००				
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त रकम		००.००				
१०	धरौटी आय		२३४२३०.००				
११	लगानीको साँवा फिर्ता		००.००				
१२	अन्य विविध आय		२८९१८३८४.००				
	जम्मा		३३०९७०८५३.४६		जम्मा		३३०९७०८५३.४६

राजस्वतर्फ :

शिर्षक नं.	लगत हसवली समेत	असुली	दाखिला	बाँकी		कैफियत
				नगद	लगत	
				-	-	

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाँउपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन ।	
२.	**विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष गाँउपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ ।	
३.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ ।	
४.	**स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन ।	
५.	**बजेट पेश एवं पारित :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) बमोजिम कार्यपालिकाले तोकेको कुनै उद्देश्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र छलफल पश्चात पेश भएको वजेट असार मसान्त भित्र पारित गरी सक्नुपर्ने व्यवस्था भएकोमा २०७४ श्रावण ४ मा बजेट पारित गरेको छ । ऐनले तोके बमोजिमको समयमा बजेट पारित गरिनु पर्दछ ।	
६.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष गाँउपालिकाले अध्यक्षबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ ।	
७.	**तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	

८.	**न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाँउपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाँउसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ ।	
९.	**कर सङ्कलन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम गाँउपालिकाको वित्तीय अधिकार क्षेत्रमा कानूनबमोजिम बाहेक गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । गाँउपालिकाले यो वर्ष राजस्वको स्रोतको रुपमा रु. ३०५५५५५.० कर सङ्कलन गर्ने लक्ष्य राखेकोमा रु. २८४४२१५.७१ कर असुली गरेको देखिन्छ । ऐन बनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर असुल गर्नु कानूनसम्मत् देखिएन । अतः कानून बनाई कर असुल गर्नुपर्दछ ।	
१०.	**योजना बनाई कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाँउपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।	
११.	**नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाँउपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाँउपालिकाले यो वर्ष नक्सा पासको कार्य गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउनेतर्फ पहल गरिनु पर्दछ ।	
१२.	**आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा नियन्त्रण व्यवस्थाको मूल्यांकन सूचीको माध्यमवाट नमूनाको आधारमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रणमा सुधार गर्नुपर्ने केही व्यहोरा निम्न छन् : ➢ खरिद योजना तयार गर्नुपर्ने देखिन्छ । ➢ खरिद कार्यलाई खरिद नियमावलीमा व्यवस्था भएअनुसार खरिद प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ । ➢ म.ले.प फारम नं. २ लाई अध्यावधिक गर्नुपर्ने देखिन्छ । ➢ वार्षिक लक्ष्य तथा प्रगतिको विवरण आर्थिक कार्यविधि नियमावली, २०६४ कोक अनुसुचि २ बमोजिम तयार गर्नुपर्ने देखिन्छ ।	
१३.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३० रहेपनि पदपूर्ति १६ रहेको छ । १४ पद रिक्त छन । ती मध्ये ४ जना करारमा राखि कार्य संचालन गरिएको छ । नियमानुसार कर्मचारी पदपुर्ति गर्ने तर्फ गाँउपालिकाले पहल गर्नपर्दछ ।	
१४.	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा साविकका गा.वि.स.ले विगतमा विभिन्न उपभोक्ता समुह बनाई महिला विकासमा सिपमुलक कार्यमा ,कृषि तथा पशु क्षेत्रमा विउ पूँजिका लागि गरिएको रकमलाई एकिकृत आ. वि.मा विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन ।	
१५.	**जिन्सी व्यवस्थापन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ र २१४ मा जिन्सी निरिक्षण सम्वन्धि व्यवस्था छ । सोही अनुसार गठित समितिले मिति २०७४/४/७ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश गरेको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत, लिलाम र	

मिनाहाका व्यहोरा कार्यान्वयन गरी जिन्सी अद्यावधीक गर्नुपर्ने उल्लेख छ । साथै प्रतिवेदनले सुझाव गरे अनुसार कार्यालयको स्वामित्वमा रहेको सवारी साधनहरु मर्मत संभार गरी चालु अवस्थामा राख्नुपर्ने समेत देखिएको छ ।

१६. **नन् फाइलर :** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को परिच्छेद-६ को नियम २६ (१) मा मुल्य अभिवृद्धी करमा दर्ता भएको व्यक्तिले कनै महिनाको करको विवरण सो महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले देहायको पार्टीलाई मु.अ.कर भुक्तानी गरेकोमा भुक्तानी भएको मितिले २५ दिन भित्र कर कार्यालयमा मु.अ.कर समायोजन विवरण पेश गर्नुपर्नेमा कर कार्यालयको आधिकारिक वेभ साइटमा नदेखिएकोले यसबाट राजश्व हिनामिना हुन सक्ने देखिएकाले सम्वन्धित पार्टीले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्नेक अन्यथा कार्यालयले भुक्तानी गरेको मु.अ.कर व्याज सहित असुल गर्नुपर्ने रु **५,९६,९४०.२३**

पार्टीको नाम	स्थायी लेखा नं.	Non Filler since	मु.अ.कर भुक्तानी
धरापानी निमार्ण सेवा प्रा.लि,	६०६८०४७४५	2075/M/2	२४२४८५.०
टि.डि.एस.कन्स्ट्रक्सन प्रा.लि.	६०४३०४३७१	2075/M/1	२२०२६२.०
सपना इन्टरप्राइजेज, घोराही, दाङ	३००००३०६६	2075/M/3	१२५९७.०
वराह हार्डवेर,घोराही	३०४९३५६७१	2075/M/3	९११६
मालिका ट्रेर्डस एण्ड सपलायर्स,तुलसीपुर	३०५२७६८९०	2075/M/3	२९४०
राप्ती स्टेशनरी एण्ड वुक सेन्टर, तुलसीपुर	३०४४३६१९०	2075/M/2	११२७६.७२
पवन एण्ड सिदार्थ विल्डर्स	३००१२९२५६	2075/M/2	६३७२.४२
प्रतिमा सप्लायर्स, तुलसीपुर	३०१९८१८१३	2075/M/3	२७४२
थापा हार्डवेर, रुन्टीगडी गाउपालिका	६०३९९५९७४	2074/M/12	५३४२.०९
गणपति सप्लायर्स, घोराही	६०४९०६००५	2074/M/11	२२०५७
जयन्ती निमार्ण सेवा, नागार्जुन नगरपालिका	३०००८४६५८	2075/M/3	६१७५०
जम्मा			**५,९६,९४०.२३**

१७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार फट्यौट गरेको पाइएन । ७७६२९६९.०

क्र.स	पेश्कि विवरण	पेश्कि लिने पक्ष	रकम	कैफियत
१	विद्युतिकरण	विधुत लाईन विस्तार उ.स. नुवागाँउ	१४३७०००.०	
२	विद्युतिकरण	विधुत लाईन विस्तार उ.स. गैरीगाँउ	१३०२७८१.०	
३	विद्युतिकरण	विधुत लाईन विस्तार उ.स. जुगार	२२५८०००.०	
४	विद्युतिकरण	विधुत लाईन विस्तार उ.स. धामरखोला	८८१८४३.०	
५	विद्युतिकरण	विधुत लाईन विस्तार उ.स. लिङदुङ	१८८३३४५.०	
		जम्मा	७७६२९६९.०	

१८. **विशेष भत्ताः** कार्यालयले केन्द्रिय चालु अनुदान प्राप्त भएको रकमबाट चैत्रदेखि आषाढसम्ममा विभिन्न तहका कर्मचारीलाई प्रोत्साहन भत्ता बापत जम्मा रु.१०१२४९८.० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो को आवस्यक कागजात संलग्न गरेको देखिएन ।

१९. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार गरेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

२०. **आ.ले.प :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले चालु आ. व. को आन्तरिक लेखापरिक्षण गराएको छैन । अतः कानुन बमोजिम लेखापरिक्षण गराई वित्तिय सुशासन कायम गराउन सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

२१. **प्रगति विवरण र कार्यक्रमगत खाताः–** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० को उपनियम (२) मा अनुसूचि- १क अनुसारको ढांचामा वार्षिक कार्यक्रम स्वीकृत गराउनु पर्ने र नियम २५ संग सम्वन्धित अनुसुची २ अनुसार लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । सो अनुसार तोकिए बमोजिम प्रगति विवरण तयार गर्नुपर्दछ ।

२२. **नीति तथा कार्यक्रममा संशोधन :** आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम र वार्षिक बजेट मिति २०७४ भ्राद १ मा पारित गरेकोमा उक्त बजेट तथा कार्यक्रमलाई मिति २०७४/१०/२६ मा बसेको गाँउसभाको बैठकले ४ वटा कार्यक्रम लाई संशोधन गरेको छ । यसरी कार्यक्रम वर्षान्तको अन्यमा आएर परिर्वतन गर्दा आयोजना कार्यान्वयन तालिका प्रभावित हुने, समयमा काम सम्पन्न नहुने जस्ता समस्या आउने हुँदा कार्यक्रम छनौट गर्दा स्पष्ट नीति तर्जूमा गर्नुपर्दछ ।

सि.न.	साविकको कार्यक्रम	बजेट रु.	संशोधित कार्यक्रम
१	सिवाङ खोला ज.वि.सं.अ.	१०,००,०००.०	पिउरी धनखने करेटी मो.ग्राभेल बाटो
२	करेती तुक्ला मो.वा.	२००,०००.००	पिउरी धनखने करेटी मो.वा
३	एक्साभेटर	१,००,००,०००.०	पिउरी धनखने करेटी मो.वा.(१५ लाख), विद्युतिकरण(७० लाख),काउलाबोट मोड सुधार(८ लाख) फारुलीबोट जरिवाङ मो.वा.(७ लाख)
४	सम्पुरक कोष	२५,००,०००.०	ट्रस भवन निर्माण

२३. **खरिद दररेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुङ्गा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाईप, जी.आई. पाईप, डी.आई पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि.आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्दछ । कार्यालयले प्युरी धनखने करेटी माडि मोटर वाटो बनाउने कार्यको लागि रु. ५४३५७००।०० को लागत अनुमान तयार गरी रु. ४९२७५००।०० मा सम्झौता भएको छ । संलग्न विलभरपाईको अध्ययन गर्दा, लागत अनुमान मानिसद्धारा कार्य गराउने गरी तयार गरेको तर मेसिनबाट कार्य गराइएको रु. ५०१७३०१।४० खर्च लेखेको छ । लागत अनुमान अनुसार कार्यसम्पादन हुने गरी निर्माण कार्य गराउनुपर्दछ ।

२४. **विद्युतीकरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम जटिल प्रकृतिको हेवि मेसिनहरु प्रयोग हुने कार्य उपभोक्ता समितिबाट गराउन नसकिने उल्लेख छ । तर विधुत लाईन विस्तार गर्ने जस्तो जटिल कार्यपनि उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गरिएको छ । जसले गर्दा सो नियमको पालना भएको छैन । सम्झौता अनुसार उपभोक्ता समितिबाट तोकिएको समयमा कार्य सम्पन्न गरेको छैन ।

क्र.स.	विद्युत लाईन जडान गरेको स्थान	वडा नं	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	लागत अनुमान
१	नुवागाँउ	२	०७४-१०-२२	०७५-०३-१०	५५१२०६०.०
२	लिङदुङ	३	०७४-१०-२९	०७५-०३-१५	६०६६९८०.०
३	सिमपानी	४	०७४-१०-२२	०७५-०२-३०	५९८६९६०.०
४	जुंगार	५	०७४-१०-२२	०७५-०१-३०	८७०२९०३.०
५	धारम खोला	६	०७४-१०-१६	०७५-०३-३०	२६७२२५२.०
६	गैरीगाँउ	७	०७४-१०-२२	०७५-०२-३०	४९९३९९२.०
जम्मा					**३३९३५१४७**

२५. **मोटरबाटो :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम जटिल प्रकृतिको हेभि मेसिनहरु प्रयोग हुने कार्य उपभोक्ता समितिबाट गराउन नसकिने उल्लेख छ । तर यस त्रिवेणी गाँउपालिकाले उपभोक्ता समिति संग सम्झौता गरी बाटो बनाउदा एक्साभेटर, डोजर जस्ता मेसिन प्रयोग गरेको छ । त्यस्तैगरि उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गरेको पाईदैन । त्रिवेणी गाँउपालिकाको वडा नं. २ देखि वडा नं.७ सम्म उपभोक्ता समिति बनाई मोटरबाटो मर्मत तथा निर्माण गरेको छ । उक्त मर्मत कार्यका लागि रु.१९०१८७५।६९ को लागत अनुमान तयार गरी उपभोक्ता समिति सँग ०७४/५/२ मा सम्झौता भएको छ । सम्झौता अनुसार ०७४/७/२० सम्ममा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । सो मर्मत कार्य मानिसबाट गराउने गरी लागत अनुमान तयार गरेको छ । जस अनुसार नरम माटो खन्न प्रति घन मिटर रु. ३६०.५० कडा माटो खन्न प्रति घनमिटर रु.४१२.०० दर तोकिएको छ । सो बाटाको स्थलतग निरीक्षण गर्दा मर्मत कार्यमा डोजर र एक्साभेटर प्रयोग भएको देखिन्छ । मेसिन प्रयोग गर्दा मानिसबाट भन्दा मेसिनबाट काम गराउदा कम खर्चिलो हुन्छ ।

माटोको किसिम	कामको परिमाण (घ.मि)	मानिसको ज्यालादर	रकम	मेसिनको ज्यालादर	रकम
नरम माटो	४७१७	३६०.५	१७००४७८.५	७१.४६	३३७०७६.८२
कडा माटो	५४३	४१२.०	२२३७१६.०	९४.७९	५१४७०.९७
जम्मा			**१९२४१९४.५**		**३८८५४७.७९**

उल्लेखित व्यहोरा अनुसार उपभोक्ता समितिले मानिसबाट मर्मत कार्य गराउदा रु. १९२४१९४ लागेकोमा, उपभोक्ता समितिले बेहोर्ने अंश रु२२००४३.० कट्टा गरी बाँकी रु. १७०४१५० कार्यालयले खर्च गरेको छ । मेसिनबाट सो गराँउदा रु.३८८५४७.७९ मात्र लाग्नेमा मानिसबाट मर्मत काम गराएको भनि कार्यसम्पन्न पेश गर्दा रु. १५३५६४६।७१ थप व्ययभार पर्न गएको छ ।

२६. **विउ विजन वितरण :**त्रिवेणी गाँउपालिका वडा नं. ६ का किसानलाई बिउ विजन वितरण गर्न रु.७ लाख ३० हजार को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति सँग मिति २०७४/६/१७ मा सम्झौता भएको छ । विउविजन वितरण गर्ने कार्यमा उपभोक्ता समिति गठन गर्नुपर्ने आवश्यकता देखिदैन । उपभोक्ता समितिले स्थानीकय दिपक एग्रोभेट सेन्टर जुगार-४ र नविन एग्रोभेट सेन्टर सल्यानबाट निम्नानुसार विउविजन खरिद गरेको छ ।

सामानको नाम	**परिमाण**	**दर**	**जम्मा**	**विक्रेताको नाम**
कागतीको विरुवा	१०००	३०	३०,०००.०	नविन एग्रोभेट
लसुनको विउ	५०० केजी	२००	१००००००.०	नविन एग्रोभेट
आलु	६२ केजी	२००	१२४,२००.०	दिपक एग्रोभेट
युरिया मल	विभिन्न	--	८४,८००.०	दिपक एग्रोभेट
लसुन	२००० केजी	२००	४००००००.०	दिपक एग्रोभेट
जम्मा			७३९,०००.०	

विउविजन खरिदको कुल मुल्य रु. ७३८८००.० मध्ये कार्यालयले रु. ७२३६००.० मात्र भुक्तानी गरेको देखिन्छ । स्थानीय बिक्रेतासँग खरिद गरिएका विउविजनको भुक्तानी सोझै विक्रेतालाई गर्न सकिनेमा सो गरेको पाईएन । खरिद गरिएका बिउबिजन किसानलाई वितरण गरेको अभिलेख भरपाई पेश भएको छैन । तर्सथ खरिद गरिएका विउविजन लक्षित बर्गले प्राप्त गरेको भन्न सकिने

	स्थिति आएन , यस सम्वन्धमा छानविन हुनु पर्ने देखिन्छ ।	
२७.	**वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा कार्यालयले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।	
२८.	**बेरुजू** - गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१३ लाख १५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.५ लाख ९६ हजार र पेश्की बाँकी देखिएको रु.७७ लाख ६२ हजार समेत रु.९६ लाख ७५ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजद्धारा रकम फछ्र्यौट नभई रु.९६ लाख ७५ हजार बेरुजू कायम भएको छ ।	
२९.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाँउपालिकाको गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
५०८७०००.००	५०८४९९.०	४५७८५०१.००

३०.	**अद्यावधिक बेरुजू स्थिति :** त्रिवेणी गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :	

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	बाँकी (F=C+D+E)
४५७८५०१.००	०	९६७५५१३	१४२५४०१४

अनुसूची– १

त्रिवेणी गाँउपालिकाको वर्ष बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	रोल्पा	त्रिवेणी गाँउपालिका	३४	३	९६७५	०	०	०	३४	३	९६७५	१३१५	०	५९७	-	-	५९७	-	७७६३	७७६३

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५+९)
१.	त्रिवेणी गाँउपालिका	रोल्पा	५१५५	१९५५८	९३६६१	२१२५९६	३२५८१५	११४६६०	१२९९५०	३१०९०	२७५७०	५५२७०